मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
प्रदेश नं. ५

मिति : २०७५।०८।१४

**सूचना !** **सूचना !!** **सूचना !!!**

मायादेवी गाउँपालिकाको आ.व. २०७५/७६को विनियोजित बजेट अर्न्तगत स्वयंसेवक शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगिता परीक्षाको विज्ञापन सामुदायिक विद्यालयको शून्य दरबन्दी तथा उच्च विद्यार्थी शिक्षक अनुपातलाई परिपूर्ति गर्न खुला तथा आन्तरिक प्रतियोगितात्मक लिखित तथा प्रयोगात्मक (कम्प्यूटर) परीक्षाको माध्यमद्धारा २०७५ चैत्र मसान्त सम्मको लागि पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरुले यस गाउँपालिकाबाट निर्धारित गरिएको दरखास्त फाराम भरी दरखास्त पेस गर्नु हुन यो सूचना प्रकासित गरिएको छ ।

**१. प्राथमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण**

| विज्ञापन नं. /विषय | खुला | आन्तरिक |
|---|---|---|
| वि.नं. | १/०७५/७६ | २/०७५/७६ |
| पद संख्या | २१ | ७ |

**२. निम्नमाध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण**

| विज्ञापन नं. /विषय | खुला | आन्तरिक | वि.नं./विषय | खुला | |
|---|---|---|---|---|---|
| वि.नं./कम्प्यूटर | ३/०७५/७६ | ४/०७५/७६ | वि.नं./ नेपाली | १०/०७५/७६ | |
| पद संख्या | ८ | २ | पद संख्या | ३ | |
| वि.नं./ गणित | ५/०७५/७६ | ६/०७५/७६ | | | |
| पद संख्या | ४ | १ | | | |
| वि.नं./ अग्रेंजी | ७/०७५/७६ | ८/०७५/७६ | | | |
| पद संख्या | ३ | १ | | | |
| वि.नं./ सामाजिक | ९/०७५/७६ | | | | |
| पद संख्या | २ | | | | |

**३. माध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण**

| विज्ञापन नं. /विषय | खुला | वि.नं./विषय | खुला |
|---|---|---|---|
| वि.नं./ सामाजिक | ११/०७५/७६ | वि.नं./ अंग्रेजी | १२/०७५/७६ |
| पद संख्या | ३ | पद संख्या | १ |

**४. उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:**

- **प्राथमिक तहको लागि:**

  क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

  ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

- **निम्नमाध्यमिक तहको लागि :**

  क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

  ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

  ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

  घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

क्रमश:

प्रसाद कर्मी

ङ) कम्प्यूटर विषयको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण-पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्प्यूटर विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट १ बर्षे डिप्लोमा तालिम गरेको प्रमाण पत्र

- **माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अग्रेंजी विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट सामाजिक विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका

ग) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

- **अन्य आवश्यक कागजातहरु :**

क) सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

ख) नेपाली नागरिकता प्राप्त गरेको

ग) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७५ मंसिर २८ गतेसम्ममा प्रा.वि. र नि.मा.वि तहको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको र माध्यमिक तहको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । तर सामुदायिक विद्यालयमा कार्यरत निजी श्रोतका शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन ।

**५. उम्मेद्वारले अनिवार्य रुपले पेश गर्नु पर्ने कागजातहरु :**

क) गाउँपालिकाद्धारा स्वीकृत गरिएका दरखास्त फाराम

ख) प्राथमिक तह परीक्षा दस्तुर वापतको रकम कार्यालय नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. ५००/- र थप समूहको विज्ञापनको लागि प्रति समूह रु. ४००/-का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

ग) निम्नमाध्यमिक तह परीक्ष दस्तुर वापतको रकम कार्यालय नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. ७००/- र थप समूहको विज्ञापनको लागि प्रति समूह रु. ५००/-का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

घ) माध्यमिक तह परीक्ष दस्तुर वापतको रकम कार्यालय नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. १०००/- र थप समूहको विज्ञापनको लागि प्रति समूह रु. ७००/-का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

ङ) उम्मेद्वार कार्यरत राहत, अस्थायी, करार र निजि स्रोतका शिक्षक भए नियुक्ति पत्र र सेवा अवधि प्रमाणित पत्र । ( वि.व्य.स. को निर्णय समेत )

च) उमेद्वार स्थानीयवासी हो भनि वडा कार्यालयले प्रमाणित गरेको पत्र ।

- **पुनश्च :**

६. दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयम्ले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणीत गरेको हुनु पर्नेछ ।

७. परीक्षाको किसिम: (क) लिखित परीक्षा (ख) अन्तवार्ता (ग) कम्प्यूटर शिक्षाको हकमा प्रयोगात्मक समेत हुने

८. दरखास्त फाराम पेस गर्ने अन्तिम मिति : २०७५ मंसिर २७ गतेसम्म

**९. लिखित परीक्षा हुने मिति :**

क) माध्यमिक तह : २०७५ पौष ४ गत बुधवार दिनको ११ बजेदेखि

ख) निम्नमाध्यमिक तह : २०७५ पौष ३ गत मंगलवार दिनको ११ बजेदेखि

ग) प्राथमिक तह : २०७५ पौष २ गते सोमवार दिनको ११ बजेदेखि

घ) कम्प्यूटर विषयको लिखित परीक्षा २०७५ पौष ५ गते विहिवार दिनको ११ बजे

१०. परीक्षा केन्द्र : श्री छत्रपाली तिर्थादेवी मा.वि. पकडी

११. अन्तरवार्ताको मिति, स्थान र समय : लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा मिति, समय र स्थान तोकिनेछ । साथै कम्प्यूटर शिक्षाकको लागि प्रयोगात्मक परीक्षाको मिति पनि सोहि दिन तोकिने छ ।

१२. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण गाउँपालिकाबाट हुनेछ ।

१३)निर्वाह खर्च वापत प्रति महिना प्रा.वि.रु.१०,०००।-(दश हजार),नि.मा.वि.रु.१२,०००।-(बाह्र हजार),मा.वि.रु.१५,०००।-(पन्ध्र हजार )उपलब्ध गराईने छ ।

१४) कार्य सम्पादनको आधारमा बजेट थप विनियोजन भएमा म्याद थप हुन सक्ने छ ।

**संयोजक**

स्वयंसेवक शिक्षक छनौट समिति

बजरंगी प्रसाद कुर्मी